# संघीय संसद

# राष्ट्रिय सभा

# पन्ध्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# ३० फागुन २०८०

# बुधवार

# बैठक सङ्ख्या- १३

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा दिनको १३:०९ बजे प्रारम्भ भयो।

**(१३:१३ बजे) सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ। म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु। शून्य समयमा बोल्नका लागि प्रत्येक माननीय सदस्यहरूलाई १/१ मिनेटको समय निर्धारण गरेको छु। सर्वप्रथम माननीय कृष्णबहादुर रोकाय।

**(१३:१३ बजे) माननीय श्री कृष्ण बहादुर रोकाय (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, रुकुम पश्चिम जिल्लाको मुसिकोट नगरपालिकाको ११ र १२ मा पर्ने प्रितिवाङ्ग खोलामा पर्ने पुल निर्माणको लागि पहिलो पटक ठेक्का लागेर सम्झौता भएको चार वर्ष पुग्यो। डिभिजन सडक कार्यालय चौरजहारीको आ.व.२०७५/७६ ठेक्का नं. DROCJ1/3373304/NCB/075/7609 प्रितिवाङ्ग खोला bridge मिति २०७८ वैशाख ७ गतेसम्म निर्माण सम्पन्न गर्ने गरी संरक्षण निर्माण सेवा प्रा. लि. र सडक डिभिजन कार्यालय चौरजहारी बिच २०७६ असार ८ गते निर्माण सम्झौता भएको थियो। मू. अ. कर बाहेक कुल रु. ४ करोड १२ लाख ३९ हजार ३७५ निर्माण

लागत रहेको उक्त पुल निर्माको कार्य तोकिएको मितिमा सम्पन्न नभई अलपत्र अवस्थामा छोडिएको छ। आज राप्ती लोक मार्ग अन्तरगत झुलेटार, मुसिकोटसम्म सञ्चालन भएको पनि १७ वर्ष भइसक्यो। यो प्रितिवाङ्ग खोलामा पुल नबन्दा हरेक वर्षको वर्षायाममा यात्रुहरू, यात्रुवाहक सवारी साधनहरू, उद्योग व्यवसायका गाडीहरूले चरम सास्ती बेहोर्नुपरेको कुरा म सम्मानीत सदनलाई जानकारी गराउन चाहन्छु। ..... (समय सकिएको )।

**सम्माननीय अध्यक्ष**:- माननीय जित जंग बस्नेत।

(१३:१५ बजे) **माननीय श्री जित जंग बस्नेत (नेपाली काँग्रेस)**:- अध्यक्ष महोदय, हिजोआज आएका सूचना र समाचार आधार हेर्ने हो भने सुशासन र सेवा प्रवाहमा प्रभावकारी ढङ्गले लाग्नुपर्ने नेपाल सरकार आफ्नो ध्यान अन्तै केन्द्रित गरेको देखिन्छ। के नेपाल सरकार गैरकानुनी कारोबारमा संलग्नलाई उन्मुक्ति दिने संयन्त्र बन्दै गएको हो? नेपाल माओवादी केन्द्रका नेताका छोराहरू गैरकानुनी करोबारमा संलग्न भएका सूचना पटक पटक आएका छन्। तर माओवादी केन्द्र सरकारमा रहँदासम्म यस्ता गैरकानुनी कारोबारका अनुसन्धान नहुने र आफ्नो कार्यकालमा उन्मुक्ति दिइरहने हो? सत्ता र शक्तिको दुरूपयोग गर्दा यस्ता गैरकानुनी कार्य गर्न सहज हुने कागजात बनाएका छन्।यस्तै गतिविधिमा संलग्न भइरहन सत्ता र शक्तिमा रहन लालयित हो। देशको ठुलो पदमा बसिरहेका व्यक्तिहरूका परिवारका सदस्यहरू गैरकानुनी कार्यहरूमा संलग्न रहेको भनी विदेशी अदालतले समेत दोषी ठहर गरेको सूचना आएको छ। नेपाल सरकार, गृह प्रशासन यस्ता कारोबारमा संलग्नलाई स्वयं अनुसन्धानको दायरामा नल्याई उन्मुक्ति दिने तर्फ गइरहेको हो। एकभन्दा बढी नागरिकता र राहदानी बनाएकाहरूलाई अनुसन्धानको दायरामा नल्याउने गठजोड कहिलेसम्म भइरहने हो? सभामुख महोदय, सीमाना र त्रिभुवन ..... ( समय सकिएको)।

**सम्माननीय अध्यक्ष**:- माननीय पदम बहादुर परियार।

(१३:१६ बजे) **माननीय श्री पदम बहादुर परियार (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी ऐन २०७४, भवन निर्माण आचार संहिता, पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार निर्देशिका २०६९ बमोजिम सबै सार्वजनिक संरचनाहरू सबै नागरिकले प्रयोग गर्न मिल्ने गरी पहुँचयुक्त हुनुपर्ने कानुनी व्यवस्था छ। मेरो

छोटो अवलोकनमा यस संसद परिसर चाहिँ पहुँचयुक्तता नदेखिएको हुनाले संघीय संसद भवन र यसको भित्र भएका सबै संरचनाहरूको पहुँचयुक्तताको लेखाजोखा गर्नुहुनको लागि प्रक्रिया अगाडि बढाउन माग गर्दछु। धन्यवाद।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय पुजा चौधरी।

(१३:१७ बजे)**<u>माननीय श्री पुजा चौधरी (जनता समाजवादी पार्टी नेपाल)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, मेरो प्रश्न राष्ट्रिय परिचयपत्र बनाउँदा यदि कुनै महिला एकल छ भने अथवा विधुवा छ भने उसले वार्डबाट प्रमाणित गरेर ल्याएपछि मात्र उसको त्यो राष्ट्रिय परिचयपत्र बन्छ। तर पुरुषमा पुरुष पनि त एकल हुन सक्छ। उसले चाहिँ किन प्रमाणित गर्नु नपर्ने? के यो विभेद महिलामा मात्रै हो त? किन? धन्यवाद।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय मनरुपा शर्मा।

(१३:१७ बजे) **<u>माननीय श्री मनरुपा शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, अहिले पछिल्लो चरणमा जति पनि देखिएको छ र कृषिमा लगानी गरिएको छ।किसानहरूले जति पनि उत्पादन गर्नुभएको छ, उत्पादित चिजहरूलाई बजार व्यवस्थापन पनि गर्न सकिएको छैन। हामीले फर्महरूमा जुनहरू अन्तर्गतबाट हामीले उत्पादित गरिएको छ। त्यसलाई कोल्डस्टोरको पनि समस्या देशैभरि देखिएको पनि छ त्यो पनि छ र पर्वत जिलाको समस्या त्यो पनि छ। र अर्को समस्या के देखिएको छ भने किसानहरूले जति पनि उत्पादित गर्नुभएको छ बाँदरको बिगबिगीले गर्दा त्यो बजारसम्म आफ्नो डोको बोकेर ल्याउन पनि समस्या देखिएको छ। त्यसलाई सरकारले कसरी हुन्छ। कानुन बनाएर त्यसलाई नियन्त्रण गरेर त्यो किसानले लगाएको त्यो खेतीपाती तरकारीलाई बजारसम्म ल्याउन आफैं डोका बोकेर ल्याउनका निम्ति पनि ध्यान जायोस्, ध्यानाकार्षण गर्न चाहन्छु। र अर्को के छ भने किसानले जति पनि उत्पादित गर्नुभएको छ। त्यहाँबाट किसान त्यहाँ छन्, जानको निम्ति, बजारमा ल्याउनको निम्ति पनि मनोरञ्जनको आवश्यकता कतिपय ठाउँ त्यस्तोमा पर्नेछ ..... (समय सकिएको)।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय रुक्मिणी कोइराला।

(१३:१९ बजे) **मानननीय श्री रुक्मिणी कोइराला (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, महिला र बालबालिकाको अपहरण, बलात्कार, बलात्कारपछि हत्या हुने जस्ता जघन्य अपराधका घटनाहरू श्रृङ्खलाबद्ध रूपमा भइरहेका छन्। अपराधमा संलग्नहरूलाई कडाभन्दा कडाई, कडा कारबाही गर्न सरकारसँग माग गर्दछु। तथ्यहरू हेर्दा पाँच वर्षदेखि १३ वर्षसम्मका बालबालिकाहरू आफू पढ्ने स्कुलमा वा स्कुलबाट फर्कने क्रममा बलात्कारपछि हत्या गरिएका घटनाहरू बढी देखिन्छन्। यस्ता घटनाले अभिभावकहरूलाई आतङ्कित बनाइरहेका छन्। त्यसकारण यसतर्फ सरकारको ध्यान जान आवश्यक छ। सम्माननीय अध्यक्षज्यूमार्फत म सरकारको ध्यानाकर्षण गर्न चाहन्छु।

**सम्माननीय अध्यक्ष**:- माननीय विष्णु कुमारी सापकोटा।

(१३:२० बजे) **माननीय श्री विष्णुकुमारी सापकोटा (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, सर्वप्रथम त यहाँलाई हार्दिक बधाई एवं सफल कार्यकालको शुभकामना। सम्माननीय अध्यक्षज्यू, गर्मी महिनाको, गर्मी मौसमको सुरुवातसँगै बाँके जिल्लामा व्यापक रूपमा फैलिएको औलो रोगलाई तुरुन्तै रोकथामका लागि कार्यक्रम अगाडि बढाइयोस्। यो स्वास्थ्य, मानवसँग जोडिएको स्वास्थ्य सेवालाई सेवाप्रति यो सरकार चाहिँ संवेदनशील होस् भन्ने अनुरोध गर्दछु।

**सम्माननीय अध्यक्ष**:- माननीय विष्णुदेवी पुडासैनी।

(१३:२० बजे) **माननीय श्री विष्णुदेवी पुडासैनी (नेपाली काँग्रेस)**:- सर्वप्रथम यस राष्ट्रिय सभाको अध्यक्ष जस्तो गरिमामय पदमा निर्वाचित हुनुभएकोमा माननीय सम्माननीय अध्यक्षज्यूलाई हार्दिक बधाई तथा कार्यकालको शुभकामना व्यक्त गर्न चाहन्छु। राष्ट्रिय सभाको गरिमामय यहाँको कार्यकालमा अवश्य पनि अगाडि बढ्छ भन्ने मैले आशा मात्र होइन विश्वास पनि लिएको छु। सम्माननीय अध्यक्ष महोदय, एकजना महिला आफ्नो श्रीमान् बितेर रिक्सामा चाहि लास लाने पर्ने अवस्थामा छ। त्यस्तो अवस्थामा छ भने उनी पशुपतिमा बसेकी छन्। अहिले पनि किरिया गर्ने पैसा छैन। त्यस्तो अवस्थामा पनि महिलाहरूको लागि केही वास्तै छैन र त्यसमाथि पनि राज्यले जनताको बारेमा चाहिँ सोच्नुपर्ने, अहिलेसम्म यस्तो यस्तो कुरामा पनि नसोचेर ती महिलाको बारेमा चाहिँ सरकारको ध्यान आकर्षण गर्न चाहन्छु। धन्यवाद। नमस्कार।

**सम्माननीय अध्यक्षः**- माननीय विष्णुबहादुर विश्वकर्मा।

(१३:२१ बजे) **मानननीय श्री विष्णुबहादुर विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):-** सम्माननीय अध्यक्ष महोदय, नरनाथ गाउँपालिका वडा नम्बर ८ मा यही फागुन २६ गते बिहान ८ बजे विद्युत् पोल सार्ने क्रममा श्री मंगलसेन मा.वि.का शिक्षक केशवराज थापा र अर्को युवा गंगाबहादुर थापाको अकालमै मृत्यु भयो। विद्युत प्राधिकरण कार्यालयमा प्रमुख रिक्त छ, प्राविधिकहरूको अत्यन्तै कमी छ। यो लाजमर्दो अवस्थाका कारण मानवीय क्षति हुन नदिन सरकारको ध्यान आकर्षण गराउन चाहन्छु। साथै मृतक केशवराज थापा र गंगा थापालाई राहतको व्यवस्था गराउन र घाइतेको उपचार, शीघ्र उपचारको लागि सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। धन्यवाद।

**सम्माननीय अध्यक्षः**- माननीय सावित्री मल्ल।

(१३:२२ बजे) **माननीय श्री सावित्री मल्ल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्ष महोदय, नवनिर्वाचित अध्यक्षको आसन ग्रहण गरिरहनु भएका सर्वप्रथम यहाँको सफल कार्यकालको शुभकामना व्यक्त गर्न चाहन्छु। २०७२ को संविधान धारा ३८ महिलाका हक अधिकार कार्यान्वयन गर्ने संविधानमा मात्र सीमित नभएर यसलाई चाहिँ सरकारसँग माग के गर्न चाहन्छु भने छिटो कार्यान्वयन होस्। र अध्यक्षको चाहिँ निर्वाचन भइसकेको छ। हामी लक्ष्मी माननीयहरू, हामीले आफ्नो भोट मतदान नगरेर, माननीय बनेर हामीले आफ्नो प्रत्यक्ष भोट मतदान गरेर अध्यक्ष निर्वाचित हिजो गरेका छौं। हामीले अब यो अवसरलाई कार्यान्वयन गर्ने गरेर म कर्णाली प्रदेशको १० वटा जिल्लाको माननीय, १० वटा जिल्लाको माननीय सँगसँगै म दैलेख जिल्ला, गृह जिल्ला दैलेख, दैलेखमा चारवटा नगरपालिका, सातवटा गाउँपालिका छ। त्यहाँको भूगोल हेर्ने हो भने अझै पनि विकट र त्यहाँको जुन बाटोघाटो, गौरवका योजनाहरू यहाँ चाहिँ अहिले पनि सरकारबाट चाहिँ गौरवको योजनाहरू कुनै पनि त्यहाँ नभएको कारणले एउटा यो आर्थिक वर्ष २०८१/८२ को लागि जुन विनियोजन विधेयक .....(समय सकिएको)।

**(१३:२४ बजे)** **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ। माननीय सदस्यहरू, राष्ट्रिय सभाका नवनिर्वाचित अध्यक्षलाई बधाई तथा शुभकामना दिन समय माग भई दलीय आधारमा नाम प्राप्त हुन आएको छ। अब म, माननीय सदस्यहरूलाई बधाई तथा शुभकामना दिन क्रमशः समय उपलब्ध गराउँछु। माननीय सदस्य कृष्ण प्रसाद सिटौला। त्यसपछि माननीय झक्कु प्रसाद सुवेदी।

**(१३:२५ बजे)** **माननीय श्री कृष्ण प्रसाद सिटौला (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, म सर्वप्रथम तपाईंलाई बधाई दिन चाहन्छु र तपाईंको आगामी कार्यकाल सफल रहोस्, मेरो शुभकामना छ। मेरो तर्फबाट र मेरो दल नेपाली कांग्रेसको तर्फबाट। नेपालको राजनीति यहाँसम्म आइपुग्दा हामीले धेरै उतारचढाव हामी सबैले भोगेका छौं। निकै लामो सङ्घर्षको पृष्ठभूमि छ, निकै लामो इतिहास छ। निकै ठुलो मेहनत छ, र निकै ठुलो बलिदान छ। हामी यहाँ आइपुग्दा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन व्यवस्थाको संविधान हामीले जारी गर्ने अवस्थासम्म पुग्दा, मलाई लाग्छ यहाँ भएका जति पनि राजनीतिक दलका हामी प्रतिनिधि माननीयहरू छौं यहाँ, हामी सबै लगभग एक ठाउँमा थियौं, लगभग। अलिकति साथीहरू बाहिर जानुभएको थियो तर ती साथीहरू पनि पछि संविधानको कार्यान्वयनको चरणमा हामीसँग सामेल हुनुभयो। र हामीले गर्वका साथ हामीले भन्यौं, हामीले सहमतिबाट, सहकार्यबाट, एकताबाट आन्दोलन गर्यौं, सङ्घर्ष गर्यौं, क्रान्ति गर्यौं, देशलाई गणतन्त्रमा पुऱ्यायौं। मलाई लाग्छ सात सालको क्रान्तिले लोकतन्त्र ल्यायो। ६२/६३ को आन्दोलनले हामीले गणतन्त्रमा देशलाई पुर्‍यायौं। त्यही लोकतन्त्र र गणतन्त्रको जगमा हामीले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान जारी गर्‍यौं। त्यो एकताको दस्तावेज हो हाम्रो। र यो दस्तावेजको जगमा शान्ति छ, दिगो शान्ति होस्, लोकतन्त्र सुदृढ होस्, समृद्ध नेपाल होस्, नेपाल सधैं स्वतन्त्र, स्वाधीन, सार्वभौमसत्तासम्पन्न राष्ट्र रहिरहोस् चिरकाल पर्यन्त। हामीले संविधानको पृष्ठभूमिमा लेख्यौं र लोकतान्त्रिक मूल्य मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रहेर समृद्ध राष्ट्र निर्माण गर्ने हाम्रो संविधान लक्ष्य हो भनेर पृष्ठभूमि हामीले लेख्यौं। हामी गरिब जनता हितमा काम गर्छौं। पछाडि परेका जनतालाई अगाडि उठाउँछौं, ल्याउँछौं, सँगै हिडाउछौं। हाम्रो प्रतिबद्धता हो संविधानको। त्यसैले गरिव, निमुखा जनताकालागि गास, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगार, पिउने पानी आदि धेरै कुराहरू हामीले संविधानको मौलिक हकमा नै व्यवस्था गर्यौं। र त्यही हामीले आफैंले बनाएको संविधान, तपाईं, हामी सबैले मिलाएर बनाएको संविधान एकपटक हामीले कार्यान्वयनको चरणमा हेर्यौं भने हामी कहाँनिर छौं? एउटा कहालीलाग्दो प्रश्न हाम्रो सामु उपस्थित छ। उत्तर दिन हामीलाई जनतालाई धेरै गाह्रो परेको छ। त्यसैले म आज सम्माननीय सभामुखमार्फत

सरकारको ध्यान आकृष्ट गर्न चाहन्छु। हामीले संविधानको मौलिक हकमा जनतालाई जे गर्छु भनेका छौं, जे अधिकार प्रचलनमा ल्याउछौं भनेर वाचा गरेका छौं, त्यसलाई हामी कार्यान्वयनमा उतारौं। म आज पहिलो दिन यति नै कुरा बोल्न चाहन्छु। अहिले हामीले संविधानमा लेख्यौं, हेर्‍यौं भने कागजमा भेटिन्छ संविधानको पातामा। आकस्मिक सेवाको हकबाट कोही मानिस बन्चित हुनेछैन अस्पतालमा तर कुनै एउटा मान्छे दुर्घटनाग्रस्त भएर अस्पतालमा गयो भने बिना पैसा उपचार पाउँछ? पाउँदैन। न सरकारी अस्पतालमा पाउँछ। न प्राइभेट अस्पतालमा पाउँछ। हामीले संविधानको मौलिक हकमा नै व्यवस्था, म्यान्डेटरी व्यवस्था गर्यौं। तर त्यो हक पनि हामीले प्रचलनमा ल्याउन सकेका छैनौं। धेरै कुरा धेरै पर पुगेका छन्। त्यसैले पहिलो कुरा मलाई के लाग्छ भने हामीले संविधान जारी गर्दासम्म हामी एउटा सहमतिको राजनीतिमा देशलाई अगाडि बढायौं। र संविधान जारी गरिसकेपछि यिनै परिवर्तनकारी शक्तिहरूको बिचमा सहमति टुट्दै गएको छ। र परोक्षमा खेल, चलखेल मात्रै बढ्दै गएको छ। जसका कारण हामी सिङ्गो राष्ट्रकाप्रति समर्पित हुनेभन्दा पनि आफ्नो स्वार्थकाप्रति बढी समर्पित भएका छौं। यसलाई हामीले आत्मसमीक्षा गर्न सक्नुपर्छ, मूल्याङ्कन गर्न सक्नुपर्छ हामी सबैले। म कसैलाई दोषारोपण गरेर आज बोल्न म चाहन्नँ। तर यथार्थ कुरा यो हो हामीले जसरी सहमतिका साथ संविधान जारी गर्‍यौं, जारी गरेपछि लगत्तैबाट हामीले सहमतिका विषयहरू, सहमतिका बाटाहरू टुटाउँदै गयौं। र आफ्नो दलीय स्वार्थको सङ्कीर्ण घेरामा हामी बाधिँदै गयौं। दलभित्र पनि आफ्नो निजी स्वार्थमा बाँधिँदै गयौं। जसले गर्दा धेरै समस्याहरू समाधान गर्न सक्थ्यौं होला, ७२ सालदेखि यहाँसम्म आइपुग्दा। ती नगरीकन हामी रित्तो हात साँच्चै भने बस्नु परेको छ आजका दिनमा। त्यसैले म सम्मानित अध्यक्षमार्फत सरकारको ध्यान आकृष्ट गर्न चाहन्छु। सम्मानित सभामुखलाई शुभकामना दिदै यो कुरा भन्न चाहन्छु तपाईं एउटा राम्रो विशिष्ट ठाउँमा हुनुहुन्छ। तपाईंले यो हाम्रो राष्ट्रिय सभा मात्र सञ्चालन गर्नु हुन्न। तपाईं आफ्नो कुर्सीको, आफ्नो पदीय प्रयोग गरेर, पदको सदुपयोग गरेर सिङ्गो राज्य सञ्चालनमा, सिङ्गो राज्यका गतिविधिहरूमा सरकारलाई मोटिभेट गर्ने काम, सरकारलाई सरकारलाई आकर्षित गर्ने काम, जनताको पक्षमा गर्नुहुन्छ भन्ने मेरो विश्वास, यो विश्वास म व्यक्त गर्न चाहन्छु। र अन्तमा धेरै कुरा नभनीकन यति कुरा भन्न चाहन्छु। अहिले प्रधानमन्त्रीले विश्वासको मत लिँदै हुनुहुन्छ। हामी तपाईंलाई बधाई दिँदै छु। बडो संयोग जुटेको छ। एउटै पार्टीको एउटा नेता विश्वासको मत लिदैं हुनुभएको छ, अर्को नेता बधाई थाप्दै हुनुहुन्छ, हामी दिँदै छौं, तपाईंलाई बधाई। एउटा संयोग परेको छ आज। म के आग्रह गर्न चाहन्छु भने तपाईंलाई पनि र प्रधानमन्त्रीज्यूलाई पनि म आग्रह गर्न चाहन्छु, तपाईं मार्फत अध्यक्षज्यूमार्फत आग्रह गर्न चाहन्छ। देश तपाईं हामीले सोचे जस्तो सजिलो ठाउँमा छैन। तपाईं हामीले सोचे जस्तो सजिलो तरिकाले हाम्रो विचारहरू

मात्रै सँधै लागु हुन्छ, अहङ्कार नगरे हुन्छ कसैले पनि। मैले भनेपछि त्यही कुरा लागु हुन्छ त्यो पनि नसोचे हुन्छ कसैले पनि। सजिलो त्यति समय छैन, समय त्यति सजिलो छैन। समय गइसकेपछि फिराएर हातमा राख्न पनि सकिँदैन। दुनियाँ त्यति हिजोको जस्तो सजिलो नि छैन, दुनिया पनि, संसार पनि हिजो जस्तो सजिलो छैन। त्यस्तो सजिलो पनि छैन। हाम्रा नेपालीहरू कसरी जान्छन् रसिया, कसरी पुग्छन्, कसरी त्यहाँको सेनामा भर्ती हुन्छन् हामीलाई थाहा छैन। एकै चोटी मरेको खबर आउँछ। मलाई निकालिदेउ भनेर गुहार मागेको खबर आउँछ हाम्रो बिचमा। संसारमा कहाँ कहाँ त्यस्तो छ? हामीलाई थाहा छैन। जव घटना घट्छ हामी सूचित हुन थालेका छौं। आज हाम्रो देश यहाँनिर पुग्न थालेको छ। अहिले रसियामा, रसिया, युक्रेनको युद्धको बिचमा हाम्रो कति नेपाली त्यहाँ सरिक भएका छन्। कति नेपाली नागरिक त्यहाँ पुगेका छन्। पहिला त आश्चर्य लग्ने विषय कहानेर छ भने के नेपाली नागरिक संसारको जुनसुकै देशको सेनामा सजिलै भर्ति हुने व्यवस्थालाई हामी चुप लागेर हेर्न सक्छौं? के त्यो विषय आपत्तिजनक छैन? सिङ्गो नेपालको लागि, नेपाल राष्ट्रको लागि ? तपाईं हामी सबैले गम्भीरतापूर्वक सोच्ने बेला भएको छैन ? अलिकति मन्त्रीजीले, सरकारले अलिकति ध्यानाकर्षण रसियाले गरेको जस्तो पाइन्छ ? के त्यतिले हामी सन्तुष्टि गर्ने ठाउँ हो यो? यो विषय, यो विचार? मलाई आश्चर्य लागेको छ। त्यसैले आजको दिनमा म यतिनै आग्रह गर्न चाहन्छु। तपाईं, हामी सबैले मिलेर फेरि एक पटक, फेरि एक पटक एक ठाउँ उभिन सक्ने, कि नसक्ने, सत्ता आफ्नो ठाउँमा छ, प्रतिपक्ष आफ्नो ठाउँमा छ। संविधानले व्यवस्था गरेबमोजिम आफ्नो दायित्व आफ्नो आफ्नो काँधमा छ। हामी सरकारको ध्यान आकर्षण गरौंला। दबाब सिर्जना गरौंला, अनुनय-विनय गरौंला, सडकमा पुगौंला, संसदमा कुरा उठाउँला, सरकारले गर्न सक्ने जति कुरा गर्ला। त्यतिले मात्र के पुग्छ आज नेपाललाई, त्यतिले मात्र पुग्छ नेपालीलाई ? त्यतिले मात्र पुग्छ नेपालीलाई? श्रमिकका समस्या के यही ढङ्गले समाधान गर्न सक्छौं ? दिनौ हजारौं संख्यामा गएका श्रमिकलाई यही तरिकाले समाधान दिन सक्छौं ? किसानको हालत कहाँनिर छ, कुन अवस्थामा छ ? कर्णालीको समस्या कुन अवस्थामा छ ? रोजगारीको, बेरोजगारीको समस्या कुन अवस्थामा विकराल हुँदै बढ्दै गएपछि, नेपालभित्रै नेपालभित्रका श्रमिकको हालत के छ ? नेपाल बाहिर गएका श्रमिकको हालत के छ ? समग्र विषयमा सोचेर एउटा साझा विषय बनाएर, एउटा साझा सोच बनाएर देश अगाडि जान सक्छ कि सक्दैन ? नेतृत्वले, सरकारको नेतृत्वले, राज्यको नेतृत्वले parliament को नेतृत्वले, प्रतिनिधि सभको नेतृत्वले, राष्ट्रिय सभाको नेतृत्वले यो विचारमा गहनतापूर्वक विचार गरोस्। यो विचार गरेर देशलाई साझा ढङ्गले अगाडि बढ्नको लागि तपाईंलाई सफलता मिलोस् म यही शुभकामना दिन चाहन्छु। धन्यवाद। जय नेपाल।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य झक्कु प्रसाद सुवेदी। त्यसपछि माननीय सदस्य देवेन्द्र दाहाल।

(१३:३३ बजे) **मानननीय श्री झक्कु प्रसाद सुवेदी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम त हाम्रो नवनिर्वाचित अध्यक्ष महोदयलाई मेरो तर्फबाट र हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टी माओवादी केन्द्रको तर्फबाट बधाई भन्न चाहन्छु। साथै उहाँको कार्यकालको सफलताको शुभकामना भन्न चाहन्छु। म यहाँ दुईवटा विषयमा एकदम छोटकरीमा राख्न चाहन्छु। पहिलो विषय त आज यहाँ बधाई दिन आएको, बधाई दिँदा भावनाका विषय पनि राख्नुपर्छ र विचारका विषय त हाम्रो यहाँ राजनीतिका विचारका विषय त हुने भइहाले। पहिलो भावनाको विषय के हो भने सम्माननीय अध्यक्ष महोदय, आज गरिमामय राष्ट्रिय सभाको अध्यक्षमा पदासिन हुनुभएको छ। हामी एउटै पार्टीमा धेरै लामो समयदेखि हामीले काम गऱ्यौं। दुई वर्ष त उहाँ र म साथै पनि बस्यौं। जनयुद्धका क्रममा म पनि एकदम गम्भीर घाइते थिए। ०५५ सालदेखि ०५७ सालसम्म हामी भारतमा साथै बस्यौं। भारतभर त्यहाँका मजदुरहरूलाई सङ्गठित गर्ने काम गऱ्यौं। भारतका कुनै सहर छैनन् होला हामी नपुगेको, कुनै गल्ली छैनन् होला र लामो समयसम्म देश र जनताको हितमा काम गर्नुभयो र आज राष्ट्रिय सभाको अध्यक्ष जस्तो गरिमामय पदमा निर्वाचित हुनुभएको छ, आसीन हुनुभएको छ। उहाँले आफ्नो क्षेत्रबाट राष्ट्रिय सभालाई अझै यसको महत्त्व, यसको ओज र यसको गरिमालाई बढाउने विषयमा निर्णायक भूमिका खेल्नुहुनेछ, म यही शुभकामना दिन चाहन्छु। दोस्रो विषय, हामीलाई थाहा छ क्रान्तिको साथसाथै प्रतिक्रान्ति आउँछ। २००७ सालमा मूलभूतरूपमा नेपाली कांग्रेसको नेतृत्वमा नेपालमा क्रान्ति भयो। तर १७ सालमा प्रतिक्रान्ति भो। जनताले त्यति ठुलो कुर्बानी गरेर, त्यति ठुलो बलिदानी गरेर, त्यति धेरै रगत बगाएर नेपालमा ल्याएको क्रान्ति, १० वर्षमै प्रतिक्रान्तिमा परिणत भयो। ३० वर्षसम्म स्थिति कस्तो थियो तपाईं हामी धेरैलाई थाहा छ। पञ्चायती शासन, बोल्न पनि नपाउने पञ्चहरूको विरोध गरेपछि राजाको विरोध गर्यो भनेर नौ महिना त्यत्तिकै जेल बस्नुपर्ने कुनै बयान पनि दिन नपर्ने नपाइने। त्यस्तो अवस्थाबाट हामी गुज्रियौं। ०३६ सालदेखिको राजनीति त हामी सबैलाई थाहा छ र ०४६ सालमा गएर फेरि क्रान्ति भो। हामी भन्छौं हामीले क्रान्ति गऱ्यौं। म भन्छु क्रान्ति जनसमुदायले गर्छन्। राजनीतिक पार्टीले नेतृत्वले त दिशा दिने हो। दिशा दिने भएकै कारणले राजनीतिक पार्टीको महत्त्व हुन्छ र नेताको महत्त्व हुन्छ। क्रान्तिमा जनसमुदाय सहभागी हुन्छन्, जनसमुदायले

क्रान्ति गरे ०४६ सालमा। ०४६ सालको क्रान्तिको उपलब्धि देखिन त ०६१ सालमा देखियो तर ५८ सालपछि नै त्यहाँ प्रतिक्रान्तिका झिल्काहरू देखा परेका थिए। त्यो उपलब्धि पनि सिद्धियो। १० वर्षको जनयुद्धको जगमा र १२ बुँदे समझदारीको आडमा ६२/६३ मा एउटा महान् जनक्रान्ति भो। त्यसले उथलपुथल ल्यायो। त्यसकै उपजको रूपमा, त्यही क्रान्तिको उपजको रूपमा ०७२ सालमा संविधान बन्यो। जो आज नेपालमा प्रयोग भइरहेको छ। तर ०८० सालसम्म आउँदा फेरि प्रतिक्रान्तिका झिल्काहरू देखापरिराख्या छ। भर्खरै माननीयज्यूले आफ्ना सम्बोधन गर्ने क्रममा यहाँ राख्नु भएको छ। यो प्रतिक्रान्तिलाई सबै मिलेर परास्त गर्नुपर्छ। प्रतिक्रान्तिका झिल्काहरू जो देखा परिरहेका छन्, यसको विरुद्धमा हामी एकजुट हुन जरुरी छ। सरकारमा कहिले को हुन्छ कहिले को हुन्छ। ३० वर्षसम्म पञ्चायती शासनमा अरू नै सरकारमा थिए। ४६ सालपछि आज ८० सालसम्म अहिलेका मुख्य पार्टीहरू सरकारमा छन्। सरकार अदलबदल भइरहेको छ। यो ठुलो कुरा होइन। प्रमुख कुरा होइन। प्रमुख कुरा भनेको संविधानको रक्षा गर्ने, जो नेपाली जनताले ठुलो बलिदानबाट रगतको खोलो बगाएर ल्याएको उपलब्धि हो। यसको रक्षा गर्नेमा हामी एकजुट हौं। र अन्तिममा फेरि नवनिर्वाचित अध्यक्ष महोदयलाई, उहाँको कार्यकालको सफलताको शुभकामना दिँदै मेरा भनाई यही टुङ्ग्याउछु। धन्यवाद।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय देवेन्द्र दाहाल। यसपछि माननीय सदस्य डाक्टर बेदुराम भुसाल।

**(१३:४१ बजे)** <u>**माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**</u>:- सम्माननीय अध्यक्ष महोदय, आज हामी नेपालको संविधानको धारा-९२ को (३) अनुसार यो सभाको, यो गरिमामय सभाको सभाध्यक्षको निर्वाचनपछि आज सम्माननीय सभामुख नवनिर्वाचित अध्यक्षलाई बधाई दिने क्रममा छौं। भर्खरै मात्रै हिजो ११।२९ गते अर्थात् फाल्गुन २९ गते को बैठकबाट उहाँ निर्वाचित हुनुभएको छ र उहाँको सर्वप्रथम त उहाँको कार्यकालको सफलताको कामना गर्न चाहन्छु। र हार्दिक बधाई पनि दिन चाहन्छु। मलाई लाग्छ उहाँले यो सभाको गरिमालाई माथि उठाउनुहुने छ। मैले हिजो उहाँको समर्थन गर्दाखेरि पनि भनेको थिएँ। र सभाको बेग्लै विशेषताहरू कायम गर्ने सन्दर्भमा उहाँको महत्त्वपूर्ण भूमिका हुनेछ। र यो भूमिकाको लागि उहाँ सफल हुनुहोस्, म हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु। मिडियाको हिसाबले, बाहिर प्रचारको हिसाबले यो सभा अलिक ओझेलमा परेको छ। त्यति हुँदाहुँदै पनि यसले केही राम्रा कामहरू, राम्रा अभ्यासहरू चाहिँ थालनी गरेको छ। अथवा यो

अभ्यासहरू गरेको छ। यो हामीले बेला-बेला चर्चा पनि गर्ने गऱ्याछौं। यो सभा समयमै सुरु हुने, दलहरूको बिचमा हाई लेभलको समझदारी हुने। कहिलेकाहीँ प्रतिनिधिसभा अवरुद्ध भएका बेला पनि यो सभामा चाहिँ विशेष महत्त्वका कामहरू छन् भनेदेखि यो सभा सञ्चालन गरेर निकास दिने र आवश्यक विधेयकहरूमा एकदमै मसिनो गरी छलफल गर्ने र यहाँबाट कहिलेकाहीँ सरकारले यो छिटो गर्दिनुपऱ्यो, छिटो गर्दिनुपऱ्यो भनेर भनिरहेको बेलामा पनि हामीहरूले विधेयकलाई छिटो गर्ने नाममा यही सभाबाट हास हुसमा पास गर्ने यस्तो गरेको छैनौं। र हामीले समितिमा लगेर, छलफल गरेर कम्तिमा एक दिन/दुई दिन भए पनि छलफल गरेर विधेयकहरू पारित गर्ने, यो खलको understanding चाहि हामीले राख्ने गरेका छौं। यस्तो खालका कामहरू छन्, र यसरी यो सभाका केही नयाँ कुराहरू, नयाँ अभ्यासहरू अथवा राम्रा अभ्यासहरू छन्। र यी अभ्यासहरूलाई निरन्तरता दिनुपर्छ। राम्रा कामहरूलाई निरन्तरता दिनुपर्छ। र यसको लागि सम्माननीय सभामुखले सफलता प्राप्त गर्नुहुनेछ। र यो सभाको सदस्य अघिल्लो कार्यकाल पूरा गरेर जानुहुने माननीयज्यूहरूको समेतको संलग्नतामा या केही कामहरू चाहिँ उहाँहरूले छोडेर जानुभएको छ। यो हाम्रो जिम्मेवारी छ। ती के के हुन् त भन्दा एउटा संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन सम्बन्धी संसदीय विशेष समिति यो सभाले बनाएको थियो। त्यसले थुप्रै सुझावहरू दिएको छ र ती सुझावहरूलाई कार्यान्वयन गर्ने सन्दर्भमा यो सभाले फलो अप गर्नुपर्नेछ र पहल गर्नुपर्नेछ। दोस्रो भनेको नेपालको संविधान अनुसार बन्न बाँकी रहेका कानुनको सम्बन्धमा अध्ययन गर्नका लागि एउटा विधायन व्यवस्थापन समितिबाट उपसमिति बनेको थियो, त्यो पनि अत्यन्तै महत्त्वपूर्ण थियो। र त्यसले औंल्याएका विषयहरू छन्, त्यसमा ४० वटा कानुनहरू चाहिँ तत्काल संघले बनाउनुपर्ने भनेर त्यसले उल्लेख गरेको छ। र केही कानुनहरू प्रदेशले बनाउनुपर्ने, केही कानुनहरू स्थानीय तहको बनाउनु पर्ने भनेर पनि भनेको छ। त्यसमध्यको ४० वटा कानुनहरू यो-यो कानुन भनेर चाहिँ एउटा list तयार पारेको छ र ती लिस्टहरू यहाँ प्रस्तुत गरेको छ। खासगरी हाम्रो संघले बनाउनुपर्ने भनेर त्यो काम पनि हामीसँग छ। त्यसको साथसाथै संविधान अनुसार बन्न बाँकी रहेका मौलिक हकसम्बन्धी कानुन निर्माणसम्बन्धी सङ्कल्प प्रस्ताव यो सदनमा प्रस्तुत भएको छ। र दलितहरूको हकसम्बन्धी सङ्कल्प प्रस्ताव यहाँ प्रस्तुत भएको छ। र अपाङ्गता भएका व्यक्तिहरूको हकसम्बन्धी सङ्कल्प प्रस्ताव यहाँ प्रस्तुत भएको छ। र अर्थतन्त्रमा देखिएका समस्यासम्बन्धी सार्वजनिक महत्त्वको प्रस्ताव यो सदनमा प्रस्तुत भएको छ, लगायतका सङ्कल्प प्रस्तावहरू र विशेष महत्त्वका प्रस्तावहरू यो संसदमा प्रस्तुत भएका छन्। भन्नुको अर्थ मैले के भन्न खोजेको भने यी विषयहरू चाहिँ हामीले, यी विषयहरू हामीले प्रस्तुत गऱ्यौं। त्यसपछाडि यो फेरि त्यतातिर फर्केर नहेर्ने त्यो होइन। यसमा हामीले चाहिँ के भइरहेको छ, सरकारले के गरिरहेको छ, सरकारलाई दिएका निर्देशनहरू सरकारले पूरा गरेको छ कि

छैन? अथवा त्यसमा काम सुरु गरेको छ कि छैन भन्ने सन्दर्भमा पनि हामीले चाहिँ झक्झक्याउनुपर्ने भएको छ। त्यसकारणले गर्दाखेरि यी विषयमा यी लगायतका थुप्रै विषयहरू हामीलाई चाहिँ यो संसद्ले गर्नुपर्ने विषय भनेर यो देशको राष्ट्रकै लागि चाहिँ निर्देश गरेको छ। यो सरकारको लागि निर्देश गरेको छ। यी कामहरू पनि सम्पन्न गर्नुपर्ने छ। मैले यो विषय किन उठाउँदै छु भने सम्माननीय अध्यक्ष नयाँ निर्वाचित भएर आउनुभएको छ र यी कुराहरू, यी फाइलहरू खोजी गर्नुपर्छ उहाँले। के भइरहेको छ भनेर हेर्नुपर्छ र उहाँको काम गर्ने कामका सिलसिलाहरूमा उहाँले त्यसलाई प्राथमिकता दिएर राख्नुपर्छ। र उहाँले यी कामहरूको सन्दर्भमा सरकारलाई के भइरहेको छ भने झक्झक्याउनुपर्छ। र उहाँले व्यक्तिगत रूपमा सरकारलाई भन्नुपर्छ। त्यति भएन भनेदेखि यहिँबाट ruling गरेर उहाँले ती कामहरू चाहिँ सरकारले अगाडि बढाओस् भनेर चाहिँ भन्नुपर्छ। त्यसकारणले म यो विषय भनिरहेको छु र मैले सबै पनि कुरा गरेको थिएँ। कानुनको स्तरीयताको कुरा, कानुनलाई स्तरीय कानुन निर्माण गर्ने सन्दर्भमा हाम्रो भूमिका महत्त्वपूर्ण छ। त्यसमा उहाँको समन्वय आवश्यक छ, लगायतको कुराहरू छन्। मैले आजको यस कार्यक्रममा मात्रै उहाँलाई शुभकामना दिने, उहाँलाई बधाई दिने भएको हुँदाखेरि धेरै देशको परिस्थितिको बारेमा कुरा गर्न चाहिन। र हामीलाई सबैलाई देशको परिस्थिति थाहा छ। हामी सबै सरकारमा बसेका छौँ। कुनै न कुनै हिसाबले सरकारमा बसेका प्रतिपक्ष भनेको पनि आधि सरकार हो। ४९ त प्रतिपक्ष सरकार नै हो। ५१ मात्रै यता जसले सरकार बनाएको छ, त्यो हो। त्यसले गर्दाखेरि हिजो सरकारमा भएका, आज अहिले सरकारमा भएका दलहरू छौँ हामीहरू। र हामीहरूले चाहिँ यी समस्यालाई साझा रूपमा समाधान गर्न प्रयत्न गर्नुपर्छ। र अर्थतन्त्रमा देखिएका समस्याहरू छन्, युवा पलायनका समस्याहरू छन्। अघि प्रतिपक्षी दलको नेताले यहाँ मार्मिक ढङ्गले राख्नुभएको छ। रसियामा नेपालीहरू सेनामा कसरी भर्ना, भर्ती भए। त्यही हो युवा पलायन, युवा बेरोजगार, त्यही कारणले हो। सुरुसुरुमा त unknown अवस्थाबाट अथवा जानकारी नभएर पनि कतिपय गएका छन्, पछिल्लो कालमा त जानकारी भएर पनि बाध्यताले पनि गएको अवस्था छ। त्यसको लागि सरकारका जिम्मेवारी के हुन् भन्ने कुराहरू छ। राजनीतिक अस्थिरता सधैंभरि राजनीतिक अस्थिरता हुने र राजनीतिक स्थिरताका लागि के गर्न सक्छौं त हामीहरू ? कस्ता कामहरू गर्न सक्छौं ? कस्ता activity हरू गर्न सक्छौं भन्ने सन्दर्भमा हामीले महत्त्वपूर्ण भूमिका खेल्न सक्नुपर्छ। यसको लागि यो राष्ट्रिय सभाले भूमिका खेल्न सक्नुपर्छ। यसको लागि सम्माननीय अध्यक्षज्यूको महत्त्वपूर्ण भूमिका रहनेछ। यसले गर्दा अन्तिममा म फेरि पनि उहाँलाई सफल कार्यकालको शुभकामना दिन चाहन्छु। सबैलाई समन्वय गरेर आफ्नो कार्यकालभरि समन्वय गरेर चाहिँ अगाडि बढ्नुहुनेछ। यसको लागि सफलता प्राप्त गर्नुहुनेछ। यही शुभकामना व्यक्त गर्दै आफ्ना भनाइ अन्त्य गर्न चाहन्छु। धन्यवाद।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य बेदुराम भुसाल। त्यसपछि माननीय सदस्य मृगेन्द्र कुमार सिंह यादव।

(१३:५१ बजे) **माननीय डा. बेदुराम भुसाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्ष महोदय, तपाईं लामो सङ्घर्षशील राजनीतिक जीवनबाट, लामो सङ्घर्षशील जीवन गुजारेर आज राष्ट्रिय सभाको अध्यक्ष जस्तो गरिमामय पदमा आसिन हुनुहुन्छ। यो अवसरमा सर्वप्रथम त यहाँलाई हार्दिक बधाई ज्ञापन गर्दछु। मेरो आफ्नो व्यक्तिगत तर्फबाट र म सम्बद्ध दल नेपाल कम्युनिष्ट पार्टी एकीकृत समाजवादीको तर्फबाट समेत र यहाँको सफल कार्यकालको लागि हार्दिक शुभकामना पनि व्यक्त गर्न चाहन्छु। शुभकामना व्यक्त गर्ने, बधाई दिने सन्दर्भमा मैले हिजो पनि यहाँलाई समर्थन गर्दा पनि भन्या थिएँ। यस्ता सन्दर्भमा धेरै राजनीतिक कुरा गर्नु उपयुक्त म ठान्दिनँ त्यसो भएर आज पनि म धेरै कुरा गर्न चाहन्नँ।एक-दुईटा कुरा यहाँले यहाँको नेतृत्वमा हामीले गर्ने कामका सन्दर्भमा भने केही सन्दर्भहरू कोट्याउन चाहन्छु। राष्ट्रिय सभाले केही असल अभ्यासहरू गरेको छ, केही असल मानकहरू स्थापित गरेको छ। यहाँको कार्यकालमा तिनीहरू कमजोर हुनुहुँदैन। तिनीहरू सबल बन्नुपर्दछ, सुदृढ बन्नुपर्दछ। त्यस अर्थमा यहाँको कार्यकाल सफल बनोस् र यहाँको नेतृत्वमा हामीले यो सभालाई सफलतापूर्वक सञ्चालन गर्न सकौं। यो शुभकामना व्यक्त गर्न चाहन्छु। यो सभा सरकारले दिएका बिजनेसहरू मात्रै सिमित रहेको छैन र रहनु पनि हुँदैन भन्ने मलाई लाग्छ। विभिन्न हिसाबले सरकारले प्रस्तुत गरेका बिजनेस बाहेकका कामहरू पनि गर्न सकिन्छ। विगत यो सभाले गर्ने कोसिस गरेको छ। कतिपय सन्दर्भहरू म भन्दा अगाडि बोल्ने माननीयज्यूले राख्नु भएको छ। मैले तिनै सन्दर्भ दोहोर्याउन चाहन्नँ, त्यस्ता केही कामहरू भएका छन्। ती कामहरूलाई निरन्तर रूपमा अगाडि बढाउनुपर्दछ। र तिनीहरूको हामीले उठाएका आवाजहरू जनताकै आवाज हुन्। ती जनताका आवाजहरू कार्यान्वयनमा लान सकियो कि सकिएन भन्ने कुराको लेखाजोखा गर्नुपर्ने, अनुगमन गर्नुपर्ने, सरकारलाई झक्झक्याउनुपर्ने सन्दर्भ छँदै छ। त्यसको निम्ति यहाँले पहल गर्ने, पहल गर्ने मात्रै होइन हामीले उठाएका विषयहरूलाई, त्यो सभाले उठाएका विषयहरूलाई कार्यान्वयनमा लैजानका निम्ति पहल गर्ने, त्यसको नेतृत्व गर्ने गरी पनि यहाँले सफलता प्राप्त गर्नुहुनेछ। अथवा यहाँको कार्यकाल सफल बनाउनुहुनेछ भन्ने शुभकामना दिन चाहन्छु। हाम्रा थुप्रै समितिहरू, खासगरी चारवटा समितिहरूलाई परिचालन गरेर पनि कतिपय सरकारले दिएका बाहेकका कामहरू गर्न सकिन्छ। र त्यसको माध्यमबाट राष्ट्रिय सभाको भूमिकालाई, राष्ट्रिय सभाको प्रभावकारितालाई जनसमक्ष प्रस्तुत गर्न सकिन्छ भन्ने मलाई

लाग्छ। मभन्दा अगाडि बोल्ने वक्ताहरूले पनि राखिसक्नुभएको छ कि आज संघीय लोकतान्त्रिक गणतन्त्रका सन्दर्भमा जुन खालका प्रश्नहरू उठिरहेका छन्। त्यो प्रश्नको जवाफ हामीले व्यवहारबाट दिनुपर्नेछ। हामीले यो सभालाई त्यसका निम्ति परिचालित गर्न सक्छौं यहाँको नेतृत्वमा। यो सभालाई हामीले, हामी सबैले सङ्घर्ष गरेर स्थापित गरेको वर्तमान संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई कमजोर बनाउने गतिविधिका विरुद्धमा व्यवहारैबाट जवाफ दिने र सुदृढ बनाउने, सबल बनाउने र अगाडि बढाउने काम गर्नुपर्ने जुन आवश्यकता छ। त्यस काममा यहाँले नेतृत्व गर्न सक्नुहुनेछ, सफल नेतृत्व दिन सक्नुहुनेछ। यहाँको नेतृत्वमा यो सभाले सफलतापूर्वक काम गर्न सक्नेछ। यहाँको नेतृत्वमा हामीले त्यसरी काम गर्न सकौं। त्यस मानेमा यहाँको कार्यकाल सफल बनोस् भन्ने हार्दिक शुभकामना व्यक्त गरेर बिदा हुन चाहन्छु। धन्यवाद।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य मृगेन्द्र कुमार सिंह यादव। त्यसपछि माननीय सदस्य शेखर कुमार सिंह।

**(१३:५६ बजे) <u>माननीय श्री मृगेन्द्र कुमार सिंह यादव (जनता समाजवादी पार्टी नेपाल)</u>:-** सम्माननीय अध्यक्ष महोदय, आज अध्यक्ष महोदयले पहिलो दिन सञ्चालन गरिराख्नुभएको यो सदन, त्यसैको लागि हामी चाहिँ आज शुभकामना दिन, बधाई दिन मात्रै उपस्थित भएको छौं। आज तितो, मिठो कुरा चाहिँ बढी चाहिँ गर्नु हुँदैन। अध्यक्ष महोदय, एकदम सफल कार्यकाल होस्। यो सभा जलाई upper house भनिन्छ विदेशमा, अरू ठाउँमा पनि एकदम हिन्दुस्तानमा upper house, राज्य सभा भनेर भनिन्छ। England मा house of lords भनिन्छ। तर त्यही किसिमको व्यवहार पनि हाम्रो हुनुपर्‍यो। मेरो पूर्ववक्ता माननीयज्यूहरूले भनिसक्नुभएको छ कि यहाँ चाहिँ यो भन्दा पहिलेको पनि अध्यक्षज्यूले धेरै राम्रोसँग सञ्चालन गर्नु भएको थियो। यतिसम्म कि सुखमा, दुःखमा पनि उहाँ चाहिँ एकदम सरिक हुनुहुन्थ्यो, सबै सांसदले म आफ्नै उदाहरण दिन्छु। गत वर्ष माघ ६ गते मेरो एउटै छोरा थियो। त्यो देहावसान भयो उसको। त्यसमा उहाँकै यहाँबाट ससरी गएर चाहिँ जिज्ञासा दिन, मलाई भरोसा दिन चाहिँ पुग्नुभएको थियो आफैं। त्यस्तै किसिमले हजुर के रे अध्यक्षबाट पनि हामी त एकदम सङ्घर्षशील मान्छे, उदारतामा पनि देख्या छौं, दिगो विकास समितिमा सँगै बस्दाखेरि पनि हेर्‍या छु। त्यसै किसिमको अध्यक्षज्यूबाट पनि हुन्छ र विभिन्न जहाँसम्म यहाँ यो सभाको कुरा छ। यो देशमा हाम्रो माननीय देवेन्द्र दाहालले भनेको जस्तो यहाँ चाहि high level को सहमतिका साथ सञ्चालन भइरहेको छ।

म त भन्छु यो हाइ लेभलको सहमति यहाँ यो सभामा मात्रै होइन। देशमा पनि होस् किनकि संविधान बडा कष्टले, बडा ल्याएको छ। त्यसमा केही प्राप्त, हुन त हामीलाई अहिले पनि केही व्यक्तिलाई, केही समूहलाई, केही पार्टीलाई अहिले पनि यो संविधानमा पूर्णरूपले चित्त बुझ्या छैन। हाम्रो अहिले पनि संविधानलाई संशोधन गर्न, केही विषयमा संशोधन गर्न तर जे प्राप्त गरेको छ उपलब्धि त्यसमाथि पनि खतरा उत्पन्न हुने कुरा भइरहेको छ। त्यतातिर पनि के ठुला दलहरू म पहिले पनि भन्या थिए। हामीले त हामी अहिले चाहिँ यता बसेको नि, हाम्रो सिट यता छ। पहिले पनि यतै थियो, अहिले पनि यतै छ। तर यो ठुला दलहरूको चाहिँ चेन्ज भइरहन्छ। हाम्रो एमालेका माननीयज्यूहरू उता थिए, नेकाका माननीयज्यू यता थिए। त्यो होस् न, बरु सबै मिलेर गरौं। यो जो संविधान सहमतिमा नै बनेको हो। हामीहरूको अलिकति असहमति थियो। यो ठुला दलहरूको सहमतिमा नै बनेको छ। यो ठुला दल अहिले हामी सानो दल सबै चाहन्छौं कि यो ठुला दलहरूमा सहमतिका साथ यो देश सञ्चालन गरोस् भने देशमा स्थिरता हुन्छ। र जे संविधानमा भनेका गास, वास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारका कुरा गर्छौं। तब मात्रै स्थिर सरकार दिन सक्यो भने मात्रै चाहिँ हुन सक्छ, जनताले। त्यसैले फेरि पनि अध्यक्षजीलाई धेरै धेरै शुभकामना र बधाई दिँदै बिदा हुन चाहन्छु। धन्यवाद।

**सम्माननीय अध्यक्ष** :- माननीय सदस्य शेखर कुमार सिंह। त्यसपछि माननीय सदस्य तुलप्रसाद विश्वकर्मा।

**(१४:०१ बजे) माननीय श्री शेखर कुमार सिंह (लोकतान्त्रिक समाजवादी पार्टी नेपाल):-** सम्माननीय अध्यक्ष महोदय, म हिजो पनि भन्या थिएँ, मेरा लागि बडा खुसीका क्षण छन्। हिजो हामी निर्वाचन गर्यौं, आज बधाई दिन यही रोष्टमबाट उठ्याछौं। तपाईं जस्ता शालीन व्यक्तित्व हामी पाएछौं, हामी धेरै उम्मीद राख्याछौं। तपाईंको कार्यकाल सफल र सुखमय हुन्छ भने विश्वास पनि राख्याछु। यो राष्ट्रिय सभाबाट केही मानकहरू पनि स्थापित भएर गएको छ। त्यो मानकहरू पनि सम्माननीयको कार्यकालमा, त्यो मानक माथि पनि उठेर काम हुन्छ कि भनेर मैले आशा पनि राखेको छु। सम्माननीयज्यू, यो संघीयताको उपलब्धि हो। यो हामी बिर्सन सक्दैनौं। यो राष्ट्रिय सभामा आज हामी यो रोष्टममा उभिँदा मलाई त्यो कुरो याद गर्नैपर्छ। आज मुलुकले संघीयता नपाए त हामी कहाँ हुन्थ्यौं र संघीयताका प्रखर पहरेदार तीन तहको सरकारमा छ। तिनै तहका प्रतिनिधित्वबाट हामी आएको छु। हामीलाई सदा सम्झना रहिनै रहनुपर्छ। निश्चित रूपमा २०७२ का संविधान हामी स्वीकारेरै यहाँसम्म आएको छु। तर

संविधानमा केही न केही कुराहरू हामीप्रति ओझेलमा परेको छ। त्यो कुरोहरू पनि जस जसले त्यो ओझेलमा छन्, ओझलताबाट प्रकाशमा जाला भनेर पनि आशा राख्या छु। सम्माननीयज्यू, हामी पनि यसै भूगोलका छौं, यसै नेपालका छौं, कुनै फरक ठाउँको होइन। मधेश पनि यसै नेपालको भूगोलभित्र पर्छ, अरू ठाउँ होइन। त्यसैले मलाई आज बाध्यता यो कुरो दोहोऱ्याउनै पऱ्यो। हामी सबैलाई याद राखेर गयो भने त हामी दाजुभाइ जस्तै हिजो पनि थियौं, आज पनि छु, भोलि पनि रहन्छु। सम्माननीयज्यू हजुरको कार्यकालबाट हामी धेरै उम्मीद पनि राख्या छौं। यो कार्यकाल मेरो पदावधि पनि चार वर्ष पूरा भएको छ। यो चार वर्षमा हामीहरू केही उदाहरणीय मानक पनि कायम गऱ्या छौं, रेकर्डमा छ, त्यो मानकहरू माथि पनि विचार गर्दै सम्माननीयको कार्यकाल यसरी नै सफलतापूर्वक जान्छ भने आशा राख्दै मैले आफ्नो स्वागत तथा धन्यवाद गर्ने कार्यक्रम अन्त्य गर्छौं। धन्यवाद।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय तुल प्रसाद विश्वकर्मा। यसपछि माननीय सदस्य बामदेव गौतम।

(१४:०५ बजे) **<u>माननीय श्री तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा)</u>**ः- सम्माननीय अध्यक्षज्यू, सर्वप्रथम म अध्यक्षज्यूलाई बधाई ज्ञापन गर्न चाहन्छु। र यहाँको सफल कार्यकालको शुभकामना व्यक्त गर्न चाहन्छु। विगतमा लामो समय हामी सँगै काम गऱ्यौं। पहिला हामी एउटै पार्टीमा थियौं २०४२ सालसम्म। उहाँ अखिल भारतीय नेपाली एकता समाजको सचिव हुनुहुन्थ्यो। म अखिल भारत नेपाली वामपन्थीको मोर्चाको महासचिव थिए। इन्डियामा हामीले लामै काम गयौं। त्यहाँदेखि लामो कालखण्ड पार गरेर उहाँ यो गरिमामय पदमा जुन आज आसीन हुनुभएको छ, निश्चय नै उहाँको काँधमा धेरै जिम्मेवारी आएको छ। र उहाँले आगामी दिनमा अत्यन्त गम्भीरता र जिम्मेवारीपूर्ण तरिकाले आफ्नो भूमिका निभाउनुहुनेछ भन्ने मैले विश्वास लिएको छु। र निश्चितरूपमा देश सजिलो अवस्थामा छैन, हामी सबै जानकार छौं। बेरोजगारी चरम रूपमा छ, युवा पलायनका कुराहरू छन्। शैक्षिक क्षेत्र त्यस्तै अस्तव्यस्त छ। विद्यार्थीहरू सब विदेश पलायन छन्। त्यसकारणले देशको ठुलो धनराशि विदेशिएको छ, महङ्गाई दिनदिनै बढिरहेको छ। हाम्रा सिमाको समस्याहरू चाहि अझै समाधान भएका छैनन्। लिपुलेख, कालापानी, सुस्ताका चाहिँ समस्या लगायतका समस्याहरू अझै सल्टिएका छैनन्। र दुवै देशका विशेषज्ञहरूले तयार पारेका सीमासम्बन्धी विवाद छिमेकी भारतले अझै बुझ्न चाहिँ मानिरहेको छैन। त्यो हाम्रो अगाडि छ। यस्ता जटिल समस्याहरू छन् देशका अगाडि। यो अवस्थामा

निश्चित रूपमा हामीले म, सम्माननीय अध्यक्षमार्फत सरकारलाई यी विषयहरूमा ध्यान दिनको लागि र tactfully यी विषयहरूलाई समाधान गर्नेतिर लाग्नुपर्छ भनेर म अनुरोध गर्न चाहन्छु। त्यसैगरी विश्व राजनीतिलाई हेर्ने हो भने त्यो पनि भयावह स्थिति छ। अघि नै कुरा आयो नेपाली युवाहरू रसियन मिलिट्रीमा चाहिँ भर्ती भएका छन्। कैयौं मरिसके। कैयौंले चाहि देश फिर्ता हुनको लागि सरकारसँग गुहारिरहेका छन्। त आजको यो आणविक युद्धमा रुस, युक्रेनको समस्या, इजरायल र प्यालेस्टाइनको समस्याले विश्व राजनीतिलाई आणविक युद्ध, तेस्रो विश्वयुद्धको चाहिँ नजिक नजिकतिर चाहिँ लगिरहेको हामीले महसुस गरिरहेका छौं। र त्यसको असर, प्रत्यक्ष वा अप्रत्यक्ष असर हामीमा निश्चित रूपमा पर्छ। त्यसैगरी हामीले एमसीसी पास गरेका छौं, अमेरिकी प्रोजेक्ट एमसीसी यही सदनबाट पास भयो। जुन एमसीसी नेपालको हितमा छैन भनेर हाम्रो पार्टीले भन्दै आएको छ। अमेरिकाले चाहेको त एसपीपी पनि हो पास गर्न खोजेको भलै एसपीपी पास भएन। अब हामीले एमसीसीमार्फत विद्युत निकालेर व्यापार गरेर हामी नेपाली धनी हुने सपना देखिरहेका छौं। कति सफल हुन्छौं त्यो भविष्यले देखाउला। भविष्यमा हेर्न नि बाँकी छ। त यसरी आज विश्व रङ्गमञ्चमा अमेरिका, चीन र रूस। तीन अतिशक्तिहरूको द्वन्द्वले गर्दा हामी जस्ता साना देशहरूमाथि त्यसको प्रत्यक्ष असर दिनप्रतिदिन हामीले देख्दै गइरहेका छौं। यी विषयहरूलाई पनि ध्यानमा राखेर अब बन्ने सरकारले निश्चित रूपमा एउटा सही सन्तुलित नीति लिनेछ। र देशलाई यसको प्रभावबाट बाहिर निकाल्नको लागि सरकारले प्रयत्न गर्नेछ भन्ने कुरा पनि मैले सम्माननीय अध्यक्षमार्फत दिलाउन चाहन्छु। र विगतमा पूर्व सम्माननीय अध्यक्षज्यूको कार्यकालमा, राष्ट्रिय सभामा थुप्रै महत्त्वपूर्ण बिलहरू, थुप्रै सङ्कल्प प्रस्तावहरू पास भएका छन्। थुप्रै चाहिँ चिजहरू आएको छ। अब त्यसलाई यहाँ टेबल भएका चिजहरूलाई पास गराउनेतिर र पास भएका चिजहरूलाई कार्यान्वयन गराउनेतिर सम्माननीय अध्यक्षज्यूको ध्यान केन्द्रित हुनेछ भन्ने कुरा पनि मैले यहाँ निवेदन गर्न चाहन्छु। र आगामी दिनमा यो राष्ट्रिय सभाको गरिमा, यसको ओज र यसको सम्मानलाई कायम राख्दै अझ माथि उठाउनको लागि यहाँको महत्त्वपूर्ण देन रहनेछ, महत्त्वपूर्ण योगदान रहनेछ भन्ने भनाइ राख्दै पुनः उहाँलाई धन्यवाद दिँदै, बधाई दिँदै मैले आफ्नो चाहिँ भनाइ यहीं अन्त्य गर्न चाहन्छु। धन्यवाद।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य बामदेव गौतम।

(१४:१२ बजे) **मानननीय श्री बामदेव गौतम (मनोनित)**:- सम्माननीय अध्यक्ष महोदय, आज बधाई र शुभकामना दिने कार्यक्रममा केही आफ्ना भनाइहरू साथै यहाँलाई धेरै धेरै हार्दिक बधाई दिन चाहन्छु। र कार्यकालको पूर्ण सफलताको कामना गर्दछु। हिजो शपथ ग्रहण गरिसकेपछि हाम्रो अध्यक्षले पार्टीको सदस्यताबाट राजीनामा दिनुभएको सूचना मैले प्राप्त गरें मिडियाबाट। त्यसबाट मलाई लाग्यो कि एउटा परिपक्व नेतृत्वको सुरुवात भो। यो राष्ट्रिय सभा एउटा पार्टीको मात्रै होइन, स्वतन्त्र व्यक्तिहरू पनि यहाँ आउँछन् तर यो कुर्सीमा बस्ने व्यक्ति कुनै पनि पार्टीको हुँदैन। न स्वतन्त्रको हुन्छ, न पराधीनको हुन्छ। र त्यो निष्पक्ष रूपमा सञ्चालन गर्न सक्ने क्षमता प्रकट गर्न सक्नुपर्छ। राष्ट्रिय सभा होस् कि अरू कुनै सभा होस्। संविधान, ऐन र नियमावली बमोजिम चल्नु पर्छ। मैले भन्नैपर्छ प्रतिनिधिसभा नियमावली बमोजिम चलेन। धेरै त्यस्ता प्रमाणहरू छन् प्रतिनिधिसभामा जहाँ सभामुखले नियम अनुसार कारबाही गरेको पनि चाहिँ पाइएन। भद्रगोल भो तर म आइसकेपछि राष्ट्रिय सभाको पूर्व अध्यक्षद्वारा जसरी भूमिका निर्वाह भयो त्यो सम्झदाखेरि मलाई पनि गौरव लाग्छ। म उहाँसित सँगै रूस भ्रमणमा गएको थिए। त्यहाँ पनि उहाँको प्रस्तुतिले मलाई लाग्यो उहाँ धेरै परिपक्क हुनुहुन्छ। धेरै पूर्ववक्ता माननीयहरूले शुभकामना दिने क्रममा सम्माननीय अध्यक्षज्यूको बारेमा धेरै भनिसक्नुभएको छ। अनुभवी हुनुहुन्छ, सङ्घर्षशील हुनुहुन्छ र नेपालको राजनीतिक इतिहासको एउटा कालखण्डको प्रत्यक्षदर्शी पनि हुनुहुन्छ। त्यस्तो भएर उहाँबाट साच्चिकै राम्रो जिम्मेवारी निर्वाह हुने छ, अभिभारा पुरा हुनेछ भन्ने मैले ठानेको छु। हाम्रो अध्यक्ष राष्ट्रिय सभाको नेता हो, सञ्चालक हो र उहाँ संरक्षक पनि हो। उहाँले रेफ्रीको भूमिका पनि निर्वाह गर्नुपर्छ, केवल एउटा पक्ष मात्रै चाहिँ उल्लेख नगरौं। सबै यहाँ कमी कमजोरीहरू पनि देखा पर्न सक्छन्। कसले कमजोरी गरेको छ, कसले गल्ती गरेको छ, कहाँ के भइरहेको छ भन्ने पनि हेर्नपर्छ। अध्यक्ष राष्ट्रिय सभाका सबै सदस्यहरूको सगोलमा बनेको यो राष्ट्रिय सभा, त्यसको मुख्य व्यक्ति हो र त्यसको अर्थ संरक्षक हो। त्यसो भएर यो सबै काम हुन्छ भन्ने मलाई लाग्छ। हामी संविधान त शक्ति पृथकीकरणको पक्षमा छौं। व्यवस्थापिकाको आफ्नो अधिकार र कर्तव्य छ। कार्यपालिकाको आफ्नो अधिकार, कर्तव्य छ। र न्यायपालिकाको आफ्नो कर्तव्य र अधिकार अधिकार, कर्तव्य छ। र यो व्यवस्थापिकामा हामी सदस्यहरूको कर्तव्य, अधिकारको अर्थ के हो? त्यसमा हामी बढी चिन्तित हुनुपर्छ, त्यसमा लाग्नुपर्छ। पार्टीभित्रका अनेकौं समस्या पनि यहीं ल्याउने, व्यक्तिगत समस्याहरू छन् ती पनि यहीं आउने, ती सबैलाई समाधान गर्न सक्दैन व्यवस्थापिकाले। त्यसो गरेर कार्यपालिका र व्यवस्थापिकाको बिचमा अन्तरविरोध सिर्जना गर्ने काम हामीले गर्न हुन्न। र न्यायपालिकासित पनि अन्तरविरोध पैदा हुने अवस्था आउनु दिन पनि हुन्न। यी सबै पक्षलाई लाई ख्याल गर्ने हो तर हामीसँग लामो मेमोरी छ। २०१५ सालमा

पहिलोपटक हाम्रो देशमा राष्ट्रिय सभा बन्यो। त्यसपछि अनेकौं अनेकौं यो पटक चाहिँ बनेको छ र त्यो सबै हाम्रो सम्झना, मेमोरी हामीसँग छ। लिखित रूपमा छ, कैयन् मानिसहरूले लेखेका होलान्, विद्वानहरूले त्यस बारेमा विश्लेषणात्मक किसिमले पनि अगाडि सारेका हुन् आफ्नो विचार। भिन्न भिन्न उद्देश्य, भिन्न भिन्न दर्शन, भिन्न भिन्न नीति, कार्यक्रम सहित संसदमा आएका, यो सभामा आएका माननीयहरूको अभिव्यक्ति भिन्नाभिन्नै हुने त्यो स्वाभाविक हो, त्यो हुनैपर्छ। तर यो राष्ट्रिय सभाको मात्रै होइन प्रतिनिधि सभाको पनि मुख्य विषय के हो ? भन्दा व्यवस्थापकीय काम चाहिँ प्रमुख हो। कानुन निर्माण गर्ने, बजेट प्रस्तुत गर्ने, त्यसमाथि कमी कमजोरी छन् भनेर भन्ने त्यसको आलोचना गर्ने र त्यसलाई दुरुस्त गर्ने, संविधानको पालना भयो कि भएन, कानुनको पालना भयो कि भएन, नियमावलीको पालना भयो कि भएन, यो सबै पक्षमा हामीले सुरुदेखि काम गर्दै आएका छौं। त्यसको निरन्तरता फेरि अगाडि बढाउने हो। तर पनि हामीले ख्याल गर्नुपर्छ हाम्रो मुख्य जिम्मेवारी के हो? यी सबै विषयहरू छन् जुन सम्माननीय अध्यक्षले आफ्नो कार्यकालमा अझ बढी राम्ररी सुन्नुहुनेछ, बुझ्नुहुनेछ आफैं अभ्यास गरेर अनुभव प्राप्त गर्नुहुनेछ। अब यसमा भनिरहनुपर्ने आवश्यकता मैले देखिनँ। हिजो सम्माननीय अध्यक्षज्यूले शपथ ग्रहण गरिसकेपछि पत्रकारहरूसित केही विचार, विमर्श गर्नुभयो। उनीहरूले सोधे तपाईंको मुख्य जिम्मेवारी के हुन्छ? उहाँले भन्नुभो, राष्ट्रिय सभाको प्रतिष्ठा बढाउने काममा म लाग्छु। मैले ज्यादै खुसी भएँ। खुसी किन भएँ भने राष्ट्रिय सभाको प्रतिष्ठा बढाउने काममा उहाँ लाग्नुहुन्छ। अनि उहाँले के के विषयले चाहिँ भन्नुभयो तर मैले बुझ्छु। राष्ट्रिय सभा र प्रतिनिधिसभा धेरै भिन्नता छन् र यो भिन्नता एउटाको मर्यादा, एउटाको जिम्मेवारी, एउटाको अधिकार र कर्तव्य भन्दा राष्ट्रिय सभाको फरक छ। हाम्रो राष्ट्रिय सभा अंग्रेजीमा National Assembly हो भन्ने यो बेलायतको हाउस अफ लर्डस होइन, upper house पनि होइन। झुक्किएर पनि भन्नुहुँदैन। upper house र lower house, house of lords, house of common भन्ने ठाउबाट संसद विकसित भएको हो। तर हामी त्यो भन्दा धेरै अगाडि बढेका छौं। र हाम्रो देश यो National Assembly भन्नाले हाम्रो देशभरिको सिङ्गो देशको प्रतिनिधित्व यहाँ हुन्छ भनेर भन्ने हो। त्यसकारण यो राष्ट्रिय सभा हो। त्यो प्रतिनिधित्व हुने गरी व्यवस्थामा छ तर प्रतिनिधित्व व्यवस्थामा केही-केही कमी छ। हामी निर्वाचन मण्डलद्वारा निर्वाचित गर्ने व्यवस्था गरेका छौं। संविधान र कानुन बमोजिम, नियमावली बमोजिम ती सबै चलि देख्या छौं। तर निर्वाचक मण्डल पहिलो मधाधिकार प्राप्त व्यक्तिले निर्वाचित गरेको संस्थाबाट फेरि चाहि हामी निर्वाचित भएर यहाँ आउछौं। तर एउटा महत्त्वपूर्ण संस्था छुटेको छ। त्यो प्रतिनिधिसभा हो। प्रतिनिधिसभाबाट पनि यहाँ निर्वाचित भएर सदस्यहरू आउँछन्। यो संविधान लागू हुनुभन्दा पहिलेसम्म त्यो व्यवस्था थियो। एकल सङ्क्रमणीय निर्वाचन प्रणालीको माध्यमबाट त्यो गरिन्थ्यो। अरू सबै संस्थाबाट

प्रतिनिधित्व हुने त्यहाँबाट प्रतिनिधित्व किन नहुने? र अर्को चाहिँ विषय के छ भने प्रतिनिधिसभाका धेरै चाहिँ अधिकारहरू छ। त्यसको तुलनामा राष्ट्रिय सभाका अधिकार, अधिकार कम भएपछि कर्तव्य पनि कम भए, त्यस्तो छ। संसारमा राष्ट्रिय सभा नामको निम्ति, कसैलाई खुसी बनाउनको निम्ति सिर्जना भएका ऐतिहासिक तथ्यहरू छन्। तर हाम्रो देश त्यसरी चाहिँ निर्माण भएको होइन। राष्ट्रिय सभा, राष्ट्रिय सभा र प्रतिनिधिसभाको बिचमा विभेद हुनु हुँदैन एउटा तल र एउटा माथि। राष्ट्रिय सभा निर्वाचितहरूले पनि निर्वाचित गरेको संस्था हो। त्यसकारण यो सम्मानित हो। तर कामको निम्ति, जिम्मेवारी पूरा गर्नको निम्ति सबभन्दा तल। अधिकार र कर्तव्य पूरा गर्नको निम्ति अर्को चाहि माथि। यो विभेद छ, यो विभेदको अन्त्य राष्ट्रिय सभाको प्रतिष्ठा आर्जन गर्ने विषय त्यहाँबाट सुरु हुन्छ। त्यसो भए आज मैले सम्माननीय अध्यक्षज्यू समक्ष ज्यादै खुसी हुँदै उहाँसित हामी त्यहाँ सँगै बस्यौं। चिनाजानी धेरै पहिले भए पनि सँगै बसेपछि अलिअलि कुराकानी दौरानमा दोस्ती पनि भएको। त्यसोभएर मैले हाम्रो बिचमा भएका विभिन्न विभेदहरू ती सबै अन्त्य गर्नको निम्ति सम्माननीय अध्यक्षको के कति भूमिका रहन्छ, हाम्रो के कति भूमिका रहन्छ ? र हामीले कति धेरै प्रतिनिधि सभालाई प्रभावित गर्न सक्छौं ? कति धेरै नेपालका राजनीतिक पार्टीहरूलाई प्रभावित गर्न सक्छौं ? त्यसमा निर्भर गर्छ। अहिले भर्खरै प्राप्त नहोला तर त्यो प्रतिष्ठा आर्जन गर्ने नेपालको राष्ट्रिय सभा बेलायतको राष्ट्रिय सभा जस्तो होइन। नेपालको राष्ट्रिय सभा नेपालको राष्ट्रिय सभा हो भन्ने हामीले देखाउनुपर्ने छ। त्यो ठाउँमा चाहिँ पुऱ्याउनको निम्ति हामीले प्रयत्न गर्नुपर्छ। त्यसैमा हाम्रो प्रतिष्ठा आर्जन हुन्छ, सम्माननीय अध्यक्षज्यू। अब के के हुनुपर्छ त भनेर भन्ने विषयमा मैले सामान्य नोट गरेको छु। प्रतिनिधि सभा र राष्ट्रिय सभाका अधिकार र कर्तव्य समान हुनुपर्छ। समान जिम्मेवारी पूरा गर्नुपर्छ। संघीय संसदका संयुक्त बैठकहरूको अध्यक्षता, अध्यक्ष र सभामुखले आलोपालो गर्ने व्यवस्था गर्नुपर्छ। एकदिन अध्यक्षले, अर्को दिन सभामुखले। राष्ट्रपतिको निर्वाचन संघीय संसदको संयुक्त बैठकले गर्नुपर्दछ। राष्ट्रिय सभा सदस्य पनि प्रधानमन्त्रीको उम्मेदवार हुन पाउने व्यवस्था संविधानदेखि, ऐन, कानुन सबै क्षेत्रबाट स्थापित हुनुपर्दछ। राष्ट्रिय सभा र प्रतिनिधिसभाका सदस्यहरूको संलग्नता भएको प्रस्तावबाट मात्र प्रधानमन्त्रीलाई अविश्वास गर्न पाइने व्यवस्था हुनुपर्दछ। त्यसैगरी राष्ट्रिय सभा अध्यक्ष र प्रतिनिधिसभा सभामुख बाहेक अरू कसैलाई पनि महाभियोग लगाउँदा राष्ट्रिय सभा सदस्यहरूको संलग्नता बेगर हुनुहुँदैन। उनीहरूको पनि संलग्नता हुन पाउनुपर्छ। दुवै सभाबाट उत्पत्ति हुने विधेयक अन्तिममा पारित गर्ने अधिकार संघीय संसदको संयुक्त बैठकलाई हुनु पर्दछ, प्रतिनिधि सभालाई हैन। उपरोक्त व्यवस्थाका लागि कति त संवैधानिक व्यवस्थाभित्र परिवर्तन गर्नुपर्ने आवश्यकता छ। त्यो गर्न हामी तयार हुनुपर्छ। सम्माननीय अध्यक्षज्यू, यी सबै विषयहरू

विभेदका विषयहरू हुन्। यो विभेद कायम रहेर यो गरिमामय सदन भन्नु बेकार छ। त्यो विभेद अन्त्य गर्न सक्छौं, यसको प्रतिष्ठा कायम भयो, इज्जत प्रतिष्ठा भयो कायम भयो, हामी बराबरी भयौं। यो सभाबाट बाहिर जाँदा हामी जनता प्रतिनिधि सभाबाट, राष्ट्रिय सभाबाट बाहिर जाँदा नेपाली नागरिक भएको नाताले, यहाँ जन्मेको नाताले हामी सबै बराबर। निर्वाचित भएर यहाँ आउने हाम्रो संकृति रूपले कति विकसित भएको छ। संसार कहाँबाट कहाँ पुगेको छ तर राष्ट्रिय सभा र प्रतिनिधि सभाको बिचमा यत्रो भिन्नता, यत्रो विभेद। यसको अन्त्य हुनै पर्छ, हुनै पर्छ, हुनै पर्छ। राष्ट्रिय सभाको सदस्य भएर माननीय सदस्यहरूले त यो विषयलाई समर्थन गर्नुभएन भने राष्ट्रिय सभाको सदस्य हुनु मेरो विचारमा गाह्रो छ। मैले अन्यथा लिएको हैन। यो हुनै पर्छ। समानता र सम्मान मानिस, प्रणीहरूमा सबभन्दा विकसित मानव जाति हो। मानव जाति भनेर भन्नाले मानव जाति सम्मानसहित बाँच्न पाउनु पर्दछ। दास भएर बाँच्ने होइन। दास भएर बाँच्ने होइन अरू कसैको छायामुनि रहेर बाँच्ने हैन। यदि त्यो हो भने राष्ट्रिय सभा विभेदरहित नेपाली जनता जसरी बराबरको अधिकार प्रयोग गर्न पाउने छन्। सङ्गठित संस्थामा पनि, राज्य सञ्चालन गर्ने ठाउँमा पनि, व्यवस्थापिकामा पनि राष्ट्रिय सभासम्म बराबर अधिकारसहित अधिकार र कर्तव्य पालना गर्न पाउनु पर्दछ। यहाँबाट पनि, हामीले हाम्रो देशको नेतृत्व गर्ने सारा संसारलाई देखाउन सक्ने क्षमता प्रकट गर्न सक्ने व्यक्तित्व यहाँ निर्माण भएका छन्, निर्माण हुन्छ। भविष्यमा पनि त्यस्तो स्थिति सिर्जना हुनसक्छ। सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको ध्यानाकर्षित गराउन चाहन्छु, यसको साथसाथै सारा संसारको पनि ध्यानाकर्षण होस् भन्ने चाहन्छु। माननीय सदस्यहरू यो विषयलाई उठइदिन अनुरोध गर्न चाहन्छु। धन्यवाद। फेरि पनि बधाई, फेरि पनि शुभकामना।

(१४:३३ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, मलाई यस राष्ट्रिय सभाको अध्यक्ष जस्तो गरिमामय पदमा निर्वाचित गर्नुभएकोमा सम्पूर्ण माननीय सदस्यहरूमा सर्वप्रथम हार्दिक आभार र कृतज्ञता ज्ञापन गर्दछु। यो पदमा आइपुग्दासम्म मैले चार दशकभन्दा लामो निरन्तर र सक्रिय राजनीति जीवन बिताएको छु। संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि आफूले सक्दो संस्थागत या व्यक्तिगत रूपमा निर्वाह गरेको छु। र यसका लागि देशमा चलेका जनयुद्ध लगायतका विभिन्न समयका समयमा भएका जनआन्दोलन र जनसङ्घर्षमा सहभागी भएको थिएँ। मैले आफ्नो राजनीतिक जीवनमा प्राप्त भूमिका निर्वाह गर्दा जनतालाई सधैं केन्द्रमा राख्ने नै मेरो मुख्य सोच र प्रवृत्ति हो। मैले सम्झेसम्म जनतालाई धोका हुने, पछुतो मान्ने गरी कुनै काम गरेको छैन। मैले प्राप्त गरेको यो भूमिका खास पारिवारिक सम्बन्धसँग जोडेर चर्चा गरिएको पनि सुन्न पाएको छु। तर हाम्रो त्यो सम्बन्ध कहिले पनि व्यक्तिगत वा पारिवारिक रूपमा सीमित

थिएन र छैन। हाम्रो सम्बन्ध सधैंभरि विचार केन्द्रित सहकर्मीको रूपमा रहेको छ। मेरो आफ्नो सम्पूर्ण परिवार लोकतान्त्रिक गणतन्त्र प्राप्तिको लागि सम्पूर्ण खालका आन्दोलनहरूमा होमिएको थियो तर मेरो परिवारले त्यसको लाभ वा भुक्तानी कहिले मागेको छैन र माग्ने पनि छैन। अध्यक्षको रूपमा नाम मनोनयनको मितिदेखि नै मैले मेरो दलीय आबद्धता र संलग्नता त्याग गरेको छु। राष्ट्रिय सभाको सदस्यको रूपमा मेरो चयन गैरदलीय आधारमा नै भएको हो। तथापि म नेकपा माओवादी केन्द्रमा क्रियाशील रहेको थिएँ। मेरो चयन प्रतिस्पर्धात्मक निर्वाचनको माध्यमबाट भएतापनि लोकतान्त्रिक विधिको रूपमा लिइने निर्वाचन प्रक्रियामा सहभागी हुनुहुने सम्पूर्ण माननीय सदस्यहरूको प्रतिनिधिको रूपमा रहेको छु र प्रतिनिधिकै रूपमा रहने पनि छु। र नेपालका सबै राजनीतिक दल र आम जनताको राष्ट्रिय सभाको अध्यक्ष भएको छु। अबको मेरो राजनीतिक दर्शन र विश्वास समृद्ध नेपाल निर्माणका लागि संघीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण तथा समानुपातिक र समावेशितालाई संस्थागत गर्नका लागि नै हुनेछ। माननीय सदस्यहरू, राष्ट्रिय सभालाई परिपक्व र विज्ञको सदन पनि भन्ने गरिन्छ। त्यसैले राष्ट्रिय सभाको अध्यक्षको रूपमा मेरो मुख्य ध्यान यो सम्मानित सदनको भूमिकालाई अभिवृद्धि गर्न तथा यसको गरिमा र मर्यादालाई माथि उठाउने कुरामा केन्द्रित हुनेछ। कानुन निर्माणमा केही अपवाद बाहेक यो सदनको भूमिका कुनै मानेमा पनि कम छैन। बरु केही विषयहरूमा केही मानकहरूका साथ यसले आफ्नो छुट्टै पहिचान स्थापना गरेको छ। त्यसैले स्थापित पहिचानलाई संस्थागत गर्दै यो पहिचान, यो सभालाई कानुन निर्माण र संसदीय निगरानीमा अझ प्रभावकारी बनाउने तथा जनसरोकारका विषयहरूमा र संघीयताको सबलीकरणमा यो सभालाई केन्द्रित गर्ने विषयमा मेरो भूमिका र प्रयास रहने नै छ। माननीय सदस्यहरूका अनुभवले खारिएका अमूल्य मान्यताहरूलाई विधायिकी प्रक्रियामा समावेश गर्ने अवसर माथिल्लो सदनबाट प्राप्त हुन्छ। अनुभवी, प्रौढ तथा परिपक्व विद्वानहरूलाई राष्ट्रिय गतिविधिमा संलग्न गराउन सकिने हुनाले यसबाट शासकीय व्यवस्थापन अझ बढी फराकिलो, परिपक्व, परिमार्जित र प्रतिनिधिमूलक हुने विश्वास लिएको छु। विधायिकी कार्य संघीय संरचनाको संस्थागत प्रदेश र स्थानीय तहको पक्षपोषण संघीय सरकारको कार्यको निगरानी तथा संघ, प्रदेश र स्थानीय तहबिच सहजीकरणको भूमिकामा राष्ट्रिय भूमिका राष्ट्रिय सभामा रहेको छ। संघीय सदनमा राष्ट्रिय सभा प्रदेश र स्थानीय तहका व्यक्तिहरूबाट निर्वाचित हुने व्यवस्था भएकोले प्रदेश तथा स्थानीय तहका समस्यामा छलफल गर्ने, तिनको समाधान गर्ने काम, काममा राष्ट्रिय सभाको बढी सक्रियता अपेक्षित छ। प्रदेश र स्थानीय तहको अधिकारको संरक्षण गर्ने साथै तिनै तहहरूबिच समन्वय गर्ने हाम्रो जिम्मेवारीमा माननीय सदस्यहरूको साथ र सहयोगले संघीयताका नकारात्मक अफवाहहरूलाई मेटाउन सम्भव हुनेछ भन्ने कुरामा म विश्वस्त छु।

माननीय सदस्यहरू, सभाको भूमिका र परिपक्व, मर्यादित संसदीय अभ्यासका मापदण्डहरूप्रति सदस्यहरूको सहमतीय दृष्टिकोण मेरो कार्यकालमा अझ प्रस्फुटित गराउने मेरो प्रयास रहनेछ। यदि प्रतिनिधि सभामा कुनै कमी कमजोरी भएमा त्यसलाई सच्याउन सक्ने राष्ट्रिय सभा हुनुपर्छ। संसदमा र विधायन व्यवस्थापन समितिमा सत्तापक्षको वर्चस्व भएपनि विधेयकलाई समृद्ध बनाउन सबै मिलेर काम गरेको यो सभाको विशिष्टता पनि छ। जनप्रतिनिधिहरूले कार्यपालिकालाई मात्र होइन स्वयं आफू र सर्वोच्च जनप्रतिनिधिमूलक यस संस्थालाई पनि आम नागरिकप्रति उत्तरदायी र जवाफदेही बनाउनुपर्छ। यसमा प्रभावकारी रूपमा भूमिका रहने अपेक्षा लिएको छु, राखेको छु।

माननीय सदस्यहरू, विधि निर्माण, नियमावलीमा भएका व्यवस्थापनको व्यवस्थाको प्रभावकारी कार्यान्वयन संसदीय निगरानी तथा अनुगमन र मूल्याङ्कनलाई थप तथ्यपरक, अनुसन्धानमूलक र विश्वसनीय सहभागितामूलक, एकरूपता र आधिकारिक बनाउन आवश्यक मापदण्ड तयार गरी कार्यान्वयन गर्नेतर्फ प्रयास रहनेछ। सभा र समितिका कतिपय प्राविधिक कामहरू गम्भीर अध्ययन अनुसन्धान गरी निष्कर्षमा पुग्नु विज्ञ र विशेषज्ञको सहयोग आवश्यक पर्छ। सांसदहरूलाई आवश्यक सूचना परामर्श उपलब्ध गराउन अध्ययन अनुसन्धानलाई प्रभावकारी बनाउन र विज्ञ समूहको व्यवस्था तथा पुस्तकालयको सुदृढीकरण गर्नु आवश्यक छ। संघीय संसदमा सांसदहरूलाई आवश्यक पर्ने तथ्याङ्क सङ्कलन गर्ने, विश्लेषण गर्ने र संसदको पहुँचमा पुर्याउने स्वतन्त्र र विश्वासिलो छुट्टै निकाय भएकोले संघीय संसद सचिवालयमा नीति अनुसन्धान गर्ने, सूचना र तथ्याङ्क सङ्कलन गर्ने, अद्यावधिक र विश्लेषण गर्ने र मागअनुसार सबै सदस्यलाई सहज रूपमा समयमा उपलब्ध गराउने गरी व्यवस्था मिलाउन पहल हुनेछ। संसदमा नयाँ प्रवेश गर्ने सांसदहरूलाई संसदको काम कारबाहीसँग परिचित हुन केही समय लाग्छ। नवनिर्वाचित सदस्यहरूलाई संसदीय प्रक्रिया र कार्य विधिगत विषयमा न्यूनतम जानकारी दिनुपर्छ। संघीय सांसद, प्रदेश सांसद र कर्मचारीहरूको लागि छुट्टै प्रशिक्षण केन्द्र स्थापना गरी अनुशिक्षण दिने सम्बन्धमा मेरो प्रयास रहनेछ। संघीय सांसद र सचिवालयलाई पेपरलेस बनाउँदै सभा सञ्चालन तथा सम्पूर्ण क्रियाकलापहरूलाई डिजिटल प्रविधियुक्त बनाउनुपर्ने आवश्यकता छ।

माननीय सदस्यहरू, विगतमा पनि संविधान र संघीयता कार्यान्वयनका लागि यो सदनले विशेष समिति नै बनाएर अध्ययन गरेको, सङ्कल्प प्रस्ताव पारित गरेको र सरकारलाई निर्देशन समेत दिएको कुरा समेत म यहाँ स्मरण गर्न चाहन्छु। त्यसैगरी दलितका अधिकारका विषयमा, अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको विषयमा एवं यौन अपराध विरुद्ध उजुरी दिने, हिंसा विरुद्धका विषय, मौलिक अधिकार, मौलिक हक अधिकार कार्यान्वयन लगायतका विभिन्न सङ्कल्प

प्रस्ताव, जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव, ध्यानाकर्षण प्रस्तावहरूमा यो सभाले खेलेको भूमिका अहम् छ। यसका लागि म राष्ट्रिय सभाका माननीय सदस्यहरूलाई धन्यवाद र हार्दिक बधाई ज्ञापन गर्न चाहन्छु। हाम्रो तीन तहको संघीय संरचनामा यो सभाको मूल रूपमा गठन प्रदेश र स्थानीय तहका जनप्रतिनिधिबाट हुन्छ। राष्ट्रिय सभा नै त्यो तीन तहका सरकारहरूबिच विधायिकी अन्तरसम्बन्धको थलो हो। तीन तहका सरकारलाई जोड्ने सेतुको रूपमा यसले काम गर्न सक्छ। म यस कुरामा माननीय सदस्यहरू र समितिहरूको विशेष ध्यान आकर्षित गर्न चाहन्छु।

माननीय सदस्यहरू, अन्तमा लोकतान्त्रिक गणतन्त्र स्थापनाको सङ्घर्षमा जीवन उत्सर्ग गर्ने सहिद र बेपत्ता परिवार एवं घाइते सबैप्रति हार्दिक सम्मान व्यक्त गर्दछु। मलाई यो जिम्मेवारी दिने दल र नेताहरू र मलाई अविचलित रूपमा आफ्नो कर्तव्य निर्वाहमा सहयात्रा गर्ने मेरो परिवारप्रति हार्दिक धन्यवाद दिन चाहन्छु। राष्ट्रिय सभाको गरिमालाई माथि उठाउन र यसलाई एउटा परिपक्व एवं प्रभावकारी सदनको रूपमा स्थापित गर्ने कुरामा मैले यो सदनको अध्यक्षको रूपमा हरसम्भव प्रयास गर्ने प्रतिबद्धता व्यक्त गर्दै सबै माननीय सदस्यहरूको सहयोग र सद्भावका लागि हार्दिक अपिल गर्दछु। साथै यस अभियानमा संघीय संसदका महासचिव, सचिवहरू लगायत सिङ्गो संघीय संसद सचिवालय, नेपाल सरकार, सम्पूर्ण राष्ट्रसेवक कर्मचारी, सुरक्षा निकाय तथा पत्रकार मित्रहरूबाट सहयोगको अपेक्षा गर्दछु। धन्यवाद।

माननीय सदस्यहरू, राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १० को उपनियम (१) बमोजिम अध्यक्ष तथा उपाध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्न निम्नलिखित माननीय सदस्यहरूलाई मनोनयन गरेको छु।

माननीय सदस्य गंगा कुमारी बेलबासे,

माननीय सदस्य जयन्ती देवी राई,

माननीय सदस्य तुलसा कुमारी दाहाल,

माननीय सदस्य पूजा चौधरी र

माननीय सदस्य विष्णु देवी पुडासैनी

माननीय सदस्यहरू, प्रस्तावित माननीय सदस्यहरूलाई सहमति जनाइदिनुहुन हार्दिक अनुरोध गर्दछु। माननीय सदस्यहरू, प्रस्तावित माननीय सदस्यहरूलाई सभाबाट सहमति प्राप्त भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १४९ को उपनियम (१) बमोजिम राष्ट्रिय सभाका विषयगत समितिहरूमा रहनुहुने माननीय सदस्यहरूको नाम देहाय बमोजिम रहने गरी समिति हेरफेर तथा मनोनयन गरेको छु।

**विकास, आर्थिक मामिला तथा सुशासन समितिमा**

माननीय सदस्य कमला पन्त,

माननीय सदस्य कृष्णप्रसाद पौडेल,

माननीय सदस्य घनश्याम रिजाल,

माननीय सदस्य जितजंग बस्नेत,

माननीय सदस्य झक्कुप्रसाद सुवेदी,

माननीय सदस्य तुलप्रसाद विश्वकर्मा,

माननीय सदस्य नारायण दत्त भट्ट,

माननीय सदस्य पूजा चौधरी,

माननीय सदस्य बामदेव गौतम,

माननीय सदस्य भुवनबहादुर सुनार,

माननीय सदस्य मनरुपा शर्मा,

माननीय सदस्य बिमला घिमिरे,

माननीय सदस्य विष्णुबहादुर विश्वकर्मा,

माननीय सदस्य शारदा देवी भट्ट,

माननीय सदस्य सावित्री मल्ल

**त्यस्तै विधायन व्यवस्थापन समितिमा**

माननीय सदस्य आनन्दप्रसाद ढुङ्गाना,

माननीय सदस्य कृष्णप्रसाद सिटौला,

माननीय सदस्य गङ्गा कुमारी बेलबासे,

माननीय सदस्य जयन्ती देवी राई,

माननीय सदस्य तारामान स्वाँर,

माननीय सदस्य तुलसा कुमारी दाहाल,

माननीय सदस्य देवेन्द्र दाहाल,

माननीय सदस्य नारायण दत्त मिश्र,

माननीय सदस्य डाक्टर बेदुराम भुसाल,

माननीय सदस्य भगवती न्यौपाने,

माननीय सदस्य मृगेन्द्र कुमार सिंह यादव,

माननीय सदस्य राधेश्याम पासवान,

माननीय सदस्य विष्णुदेवी पुडासैनी,

माननीय सदस्य सुरेशकुमार आले मगर।

**त्यस्तै सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिमा**

माननीय सदस्य गोपालकुमार बस्नेत,

माननीय सदस्य गोपाल भट्टराई,

माननीय सदस्य गोमादेवी तिमिल्सिना,

माननीय सदस्य बलदेव बोहरा,

माननीय सदस्य नरबहादुर बिष्ट,

माननीय सदस्य पदम बहादुर परियार,

माननीय सदस्य मदन कुमारी शाह गरिमा,

माननीय सदस्य मायाप्रसाद शर्मा,

माननीय सदस्य युवराज शर्मा,

माननीय सदस्य रेणु चन्द,

माननीय सदस्य रुक्मिणी कोइराला,

माननीय सदस्य श्रीकृष्णप्रसाद अधिकारी,

माननीय सदस्य सुमित्रा बिसी

**त्यस्तै संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिमा**

माननीय सदस्य उदयबहादुर बोहरा,

माननीय सदस्य इन्दिरा देवी गौतम,

माननीय सदस्य किरण बाबु श्रेष्ठ,

माननीय सदस्य कृष्णबहादुर रोकाय,

माननीय सदस्य गोपीबहादुर सार्की अछामी,

माननीय सदस्य जगप्रसाद शर्मा,

माननीय सदस्य जगतबहादुर कार्की,

माननीय सदस्य दुर्गा गुरुङ,

माननीय सदस्य मोहम्मद खालिद,

माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरे,

माननीय सदस्य विष्णुकुमारी सापकोटा,

माननीय सदस्य शेखर कुमार सिंह,

माननीय सदस्य सोनाम गेल्जेन शेर्पा

माननीय सदस्यहरू, विषयगत समितिका लागि माननीय सदस्यहरूको समिति हेरफेर तथा मनोनयनलाई सभाको सहमति जनाइदिनुहुन अनुरोध गर्दछु।

माननीय सदस्यहरू, राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १५० बमोजिम राष्ट्रिय सभाका विषयगत समितिका रिक्त सभापतिहरूको निर्वाचनका लागि मिति २०८० चैत ४ गते आइतबारको दिन तोकेको छु। समिति सभापतिको निर्वाचनसम्बन्धी कार्यक्रमको सूचना प्रकाशन गर्न राष्ट्रिय सभाका सचिव डा. सुरेन्द्र अर्याललाई निर्देशन गर्दछु।

माननीय सदस्यहरू, आजको कार्यसूचीको क्रम संख्या ४ मा रहेको विषयलाई कार्यसूचीबाट हटाइएको बेहोरा जानकारी गराउँछु।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८० साल चैत २ गते शुक्रबार बिहान ११ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ।

(तदनन्तर, अर्को बैठक २०८० साल चैत्र २ गते शुक्रबार बिहान ११ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ)।

**स्थगितः- १४:४६ बजे**